# प्हलमतन क्ह्यू (गुठी)

## खिमीघर र पारिवारिक तथा चेली ज्वाइँ विबरण पुस्तिका

# सम्पादक मण्डल



**रमेशकुमार गौचन**
संयोजक



**दिलबहादुर गौचन**
सदस्य
महासचिव - प्हलमतन गुठी समिति



**योगेन्द्र गौचन**
सदस्य सचिव

सहयोगी सदस्यहरु :

**तेजकुमार गौचन, मुक्तमान गौचन**
**राजेन्द गौचन, चरण गौचन, सुश्री विनिता गौचन**

प्रकाशक :
**प्हलमतन गुठी कार्य समिति**

**खिमीघर निर्माण र व्यवस्थापन** : हाम्रा पुर्खाहरुले मृत्यु भएको व्यक्तिको अस्तु धेरै पहिले (करिब ७ पुस्ता अघि) पाखो बनजंगलमा राख्ने गर्थे भन्ने सुनिन्छ । पछि त्यस्तो अस्तुलाई सकेसम्म एकै ठाउँमा राख्ने प्रचलन शुरु भएदेखि मुस्ताङको नाउरीकोट र गौचन देवता (ल्ह लाङग्वान्हुर्वु) को नजिक नाकुङ्ग भन्ने ठाउँमा अस्तु राख्ने ठाउँ स्थापना भएको थियो । तर हाम्रो क्ह्यूले मलान्सुंग देवताको पूजापछि खिमी रेन्धम गर्नु पर्ने भएकोले र सुन्दरमान गौचनको परिवार बुटवल सरेर गएपछि मुखिया खलक स्व. मुक्ति प्रसाद गौचनको सक्रियतामा मुस्ताङ जिल्ला थासाङ गाउँपालिका ५ कोन्जो, टिटी गाउँको उत्तरतर्फको जंगल भीरको काखमा (दायाँ धवलागिरी र बायाँ निलगिरी हिमाल पर्ने) रहेको मलान्सुंग देवताको नजिक एउटा पत्थरको दुलोमा अस्तु राख्न ठाउँ निश्चित गरिएको थियो । प्हलमतन क्ह्यूको छैरो क्होइलाको अस्तु राख्ने स्थान पहिले छैरौमा नै भए तापनि त्यसरी टिटीमा अस्तु राख्ने ठाउँ निश्चित भएपछि छैरो क्हो इलाले समेत अस्तु राख्ने ठाउँ टटीको सोही ठाउँमा नै स्थानान्तरण गरेको थियो ।

**प्रथम खिमीघर निर्माण** : २०५५ सालमा टिटीमा भएको भेलाले टिटीमा खिमीघर बनाउने निर्णय भयो । सोको लागि ५ जना दाजुभाइहरुले १५ हजारको दरले जम्मा ७५ हजार चन्दा संकलन गरी सोही रकमको लागतमा प्रथम खिमीघर निर्माण गरी त्यसैमा पितृहरुको अस्तुहरु स्थानान्तर गरिएको थियो । त्यसबेला निर्माण भएको खिमीघरको फोटो उपलब्ध नभएकोले यहाँ राख्न सकिएको छैन ।

**द्वित्तिय खिमीघर निर्माण** : प्रथम खिमीघर भत्किन थालेकोले मर्मतको लागि हाम्रा क्ह्यूका सदस्यहरुबीच व्यापक छलफल हुँदा सो खिमी घरको मर्मत गर्नको लागि पहिलो पल्टका चन्दादाताहरुले पुनः १० हजारको दरले ५० हजार उठाई मर्मत गर्ने खर्च जुटाउन मन्जुर भएकाले निजहरुबाट सहयोग लिई दोस्रो पल्ट निर्माण गरिएको थियो ।



■ दोस्रो खिमी घर

**तृतीय खिमीघर निर्माण :** दोस्रो चरणमा निर्मित खिमीघर र ग्याविन वाल भत्किन लागेर आगन समेत भासिन लागेकोले सो खिमीघरलाई प्रयोग गर्न नसकिने स्थिति देखिएको हुँदा हाम्रा क्ह्यूका सदस्य श्री दिल बहादुर गौचन (हालका महासचिव) ले खिमीघरको पुनः निर्माणको पहलकदमी शुरु गर्नुभयो । त्यसै क्रममा पोखरामा भएको १० औं भेलाबाट निज खिमीघर निर्माण उपसमितिको संयोजक तोकिनु भयो । निजको पहलबाट पक्की (सिमेन्टवाला) खिमीघर तथ खिमी व्यवस्थापन घर, खिमीघरको २७ मीटर लामो आँगन र तिनको सर्पोटको लागि ५ मीटर अग्लो ग्याबिन वाल समेत निर्माणको एक गुरु योजना, डिजाइन र लागत अनुमान तयार भयो र सो बमोजिम काम गर्नका लागि देश बिदेशमा रहेका बिशेषतः प्हलमतन परिवारहरुबाट आर्थिक सहयोग रकम संकलनको कार्य धमाधम शुरु गरियो । संकलन भएको आर्थिक सहयोग रकममध्येबाट डिजाइन बमोजिमको रु. २० लाख ७५ हजार ४३५ लागतमा निर्माण कार्यहरु पूरा गरी १२ बर्षे मेलाको अवसर पारेर २०७३ साल पौष २७ गते उद्घाटन गरी परम्परा अनुसार पुरानो खिमीघरबाट अस्तुहरु नयाँ खिमीघरमा स्थानान्तर गरिएको थियो । नव निर्मीत खिमीघरको फोट तल देखाइएको छ :



■ तेस्रो खिमी घर २०७३ पुस २७ गते

**खिमीघर मर्मत तथा सुधार :** २०७४ भाद्रमा परेको भारी बर्षातको कारणले खिमीघर को आँगन र ग्याबिन वाल ३ फिट जति भासिएको हुँदा २०७६ जेठ महिनामा कुल रु. २ लाख ७४ हजार ५ सय लागतमा खिमीघरको बरण्डा, आँगन ढलान गरिएको थियो र चन्दादाताको नाम लेखिएको दुई वटा शिलापत्र स्तम्भहरु समेत निर्माण गरी ठडाइएको थियो । फेरि २०७६ असार २७ गते मुस्ताङ जिल्लाभरी भारी बर्षा भई खिमीघरको वरिपरी भेलबारी र पहिरो आई खिमीघरको आँगन, शिलापत्र स्तम्भ र ग्याबिन वालमा ठूलो क्षेति पुर्‍याएको थियो । जुन तलको फोटोबाट स्पष्ट देखिन्छ :



■ २०७६ असोर २७ गते गएको पैरो

**खिमीघरको क्षेतीको अनुगमन :** खिमीघर परिसर क्षेति भएको सूचना पाउँदासाथ हाम्रो क्ह्यूका अध्यक्ष रमेशकुमार गौचन र क्होइला प्रतिनिधिहरु सम्मिलित अनुगमन टोलीबाट खिमीघरको स्थलगत अनुगमन तथा निरीक्षण गरिएको थियो । पहिरो तथा भेलबार ीले खिमीघर र खिमी व्यवस्थापन घरलाई क्षेति नपारे पनि आँगन र ग्याबिन वालमा ठूलो क्षेति भएको र यस अघि पनि पटक पटक यस्तै खाले समस्या आइरहेकोले अब उप्रान्त त्यसै ठाउँमा फेरि मर्मतसम्भार गरी खर्च गरिरहने कार्य नडोहोऱ्याउने कुरा अनुगमन टोलीको सिफारिश बमोजिम कार्यसमितिबाट निर्णय गरियो । त्यस स्थानको विकल्पको रुपमा टिटी निबासी स्व. भीम प्रसाद गौचनका छोरा स्पेन निबासी श्री सन्तोष गौचनको खिमीघर र मलान्सुंग देवताको पूजा गर्ने ठाउँदेखि तलतिर नजिकै रहेको जग्गा खिमीघर प्रयोजनका लागि धेरै उपयुक्त मानिएकोले खिमीघर संयोजक श्री दिलबहादुर गौचनज्यूले निजसँग टेलिफोनबाट दानको लागि अनुरोध भएकोमा निजबाट हाम्रो अनुरोधलाई सहर्ष स्वीकार गरी आफ्नो नाममा रहेको १ रोपनी १५ आना जग्गा प्रदान गर्न मौखिक मन्जुरी भएकोले सो जग्गामा नयाँ खिमीघर निर्माण गर्ने निर्णय कार्यसमितिबाट भएको हो ।

**चौँथो खिमीघर निर्माण :** श्री सन्तोष गौचनबाट प्राप्त भएको जग्गामा २०७६ सालबाट नयाँ खिमीघर र खिमी व्यवस्थापन घर निर्माण कार्य शुरु भई २०७८ साल बैशाख ११ गते रु ८ लाख १९ हजार ९ सयको लागतमा निर्माण सम्पन्न गरी १२ गते आइतबार का दिन उद्घाटन गरियो र त्यसमा आफ्नो संस्कार र परम्परा बमोजिम पुरानो खिमीघरबाट अस्तुहरु स्थानान्तर गरियो । यस खिमीघरको परिसरमा दाँते ओखर, निंगालो, धुपी जस्ता विरुवाहरु रोपण अर्थात बृक्षारोपण गरिएको छ । साथै हाम्रो यस नव निर्मित खिमीघरको परिसरभित्र चार चन (प्हा) हरुको झण्डा समेत फरफराइएको छ । खिमीघर परिसरमा आउने बाटो श्रीमती सुन कुमारी गौचनले प्रदान गर्नु भएको छ । नव निर्मीत खिमीघर र खिमी व्यवस्थापन घरका फोटोहरु तल देखाइएको छ :


नयाँ खिमी घर २०७८ वैशाख १२ गते


व्यवस्थापन घर २०७८ वैशाख १२ गते

**भावी योजना :** निकट भविष्यमा चन्दादाताहरुको नाम शिलापत्रमा लेखी ठड्याउने, खिमीघर र परिसरमा लगाएका विरुवाहरुको संरक्षणका लागि परिसर वरीपरी तार बार कम्पाउण्ड वाल लगाउने, खाने पानी र चर्पीको व्यवस्था मिलाउने, थप उत्तम विरुवा तथा फूलहरु रोपी सुन्दर बगैँचा बनाउने, आगन्तुकहरु बस्नका लागि टेबुल र कुर्चीको व्यवस्था गर्ने, १०८ बत्ति बाल्ने र छ्यो चढाउने कार्यको लागि आबश्यक एक फलामको स्ट्याण्डको व्यवस्था गर्ने, खिमीघरमा पूजा गर्न आउनेहरुका लागि आबश्यक न्यूनतम खानपिनका भाँडाकुँडाहरुको व्यवस्था गर्ने जस्ता योजना रहेको छ ।



नयाँ खिमी घर उद्घाटन २०७८ वैशाख १२ गते



खिमी घर थमसेल, २०७८ वैशाख ११ गते



खिमी न्हमत्हेन २०७८ वैशाख १२ गते



थकाली संस्कार तथा पैरन ।




प्रथम भेला बेलायत ।

खिमीघर संयोजक दिल गौचन



नयाँ खिमी घरस्थल




चन्दादातालाई सम्मान




१०औं भेला पोखरा



११औं भेला उद्घाटन



११औं भेला चितवन